सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

Shubham Sandesh

# शुभम सन्देश

National DAILY दैनिक

वर्षः ५ अंक १४५ २०८० साल, माघ २६ गते शुक्रबार Friday 9 Feb, 2024 मूल्य रु. ५/- पृष्ठ : ४

## ६१ हजार नक्कली नेपाली नोट सहित पाँच जना प्रहरी नियन्त्रणमा



***शुभम सन्देश,***
***कलैया २५ माघ***

नक्कली नेपाली नोटको कारोबार गर्ने गिरोहका नाइकेसहित पक्राउ पाँच जनालाई बारा प्रहरीले उक्राउ गरि पत्रकार सम्मेलन गरी विहिवार प्रहरीले सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा जिल्ला सर्लाही चन्द्रनगर गाउँपालिका-३ बस्ने वर्ष ४४ का र ामचन्द्र महतो कोइरी, बारा पर वानीपुर गाउँपालिका-५ बस्ने सुमित साह, सोही ठाउँ बस्ने सन्तोष पटेल, पर्सा जिल्ला वीरगञ्ज महानगर पालिका-१० बस्ने विशालकुमार श्रीवास्तव र निजको सालो सोही ठाउँ बस्ने नीरज श्रीवास्तव रहेको बाराका प्रहरी प्रवक्ता दधिराम न्यौपानेले जानकारी जानकारी गराए ।

जीतपुर सिमरा उपमहानगर पालिका-७ जीतपुर बजारमा नक्कली नोटको कारोबार भइरहेको गोप्य सूचनाका आधारमा तत्कालै प्रहरीको टोली परिचालन गरी एकजनालाई नक्कली नोटसहित पक्राउ गरेपछि निजको वयानका आधारमा जिल्लाको विभिन्न ठाउँ र अन्य ठाउँबाट गरी चार जनालाई पक्राउ गरिएको प्रहरी उपरीक्षक सुरेश काफ्लेले जानकारी गराए । पक्राउ परेका व्यक्तिबाट ६१ हजार नक्कली नेपाली नोट, भारतीय सिमकार्डसहित सात थान मोबाइल समेत बरामद गरिएको प्रहरी प्रवक्ता न्यौपानेले जनाए। पाँच तहमा नक्कली नोटको कारोबार भइरहेको जानकारी भएपछि प्रथम, दोस्रो, तेस्रो र चौथो तहसम्मका व्यक्तिलाई यो नक्कली नोट प्रकरणमा पक्राउ गर्न सफल भएको र चाँडै नै पाँचौं तहका व्यक्तिलाई पक्राउ गर्ने प्रहरी उपरीक्षक काफ्लेले जानकारी दिए ।

तीन लाख नक्कली नेपाली नोट लिनका लागि एक लाख सक्कली नेपाली नोट दिनुपर्ने पक्राउ परेका व्यक्तिको अनुसन्धानबाट खुल्न आएको प्रहरी उपरीक्षक काफ्लेले जानकारी गराए ।

नक्कली नोट कारोबार गरेबापतमा पाँच प्रतिशतसम्मको कमिसन दिने गरेको अनुसन्धानबाट खुल्न आएको उनले सुनाए । नक्कली नोटको कारोबार गर्ने व्यक्ति खासगरी भीडभाड, किराना पसल, मासु पसल, तरकारी बजार, गाउँघरमा भैंसी, खसी खरिद गर्ने, ज्याला मजदुरी दिने काममा नक्कली पैसा प्रयोग गर्ने गरेको प्रहरी उपरीक्षक काफ्लेले बताए ।

भारतमा नक्कली रुपैयाँ छापेर नेपालको विभिन्न ठाउँमा कारोबार गर्ने गरेको हुँदा भारतीय प्रहरीहरूसँग पनि समन्वय, सहकार्य गरेर पैसा छाप्ने सञ्जालसम्म पुग्ने उपरीक्षक काफ्लेले दाबी गरे ।

वीरगञ्ज महानगरपालिका-१० बस्ने विशालकुमार श्रीवास्तव नक्कली नेपाली नोटलाई नेपालमा साटासाट गर्ने गराउने नाइकेको रूपमा काम गर्दै आएको प्रहरी उपरीक्षक काफ्लेले जानकारी दिए ।

## ४४ लाख भन्दा बढीका भन्सार छलीका सामान सहित ट्रक पक्राउ




२५ माघ,वीरगञ्ज ।

पर्साबाट प्रहरीले भन्सार छलीका लत्ताकपडा तथा खुद्रा सामानहरु बरामद गरेको छ ।

प्रहरीले वीरगञ्ज महानगरपालिका वडा नं.१४ गण्डकचोकस्थित सडकखण्डबाट ना ३ ख ४४१५ नम्बर को मालवाहक ट्रक पक्राउ गरेको छ ।

बिल बिजकभन्दा बढी सामानहरु लोड रहेको ट्रक वीरगञ्जबाट विराटनगर तर्फ जादैं गरेको गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले जाँच गर्दा ट्रकमा लोड रहेका सामानको अनलाइन भिसिटिएस बिल शंकास्पद देखिएकाले नियन्त्रणमा लिएको प्रहरी नायब उपरिक्षक कुमार बिक्रम थापाले जानकारी गराए ।

बरामद सामानको मूल्यांकन ४४ लाख ५५ हजार ६८३ रुपैंयम कायम गरिएको प्रहरीले जनायो । पक्राउ परेको सामानसहित ट्रकलाई आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको पर्सा प्रहरीले जनाएको छ ।

## वीरगञ्ज महानगरले जरिवानाबाट उठायो साढे २४ लाख राजस्व

राष्ट्रिय समाचार समिति (रासस)
वीरगञ्ज (पर्सा), २५ माघ :

जथाभावी फोहर फ्याँक्नेहरुमाथि कारबाही सुरु गर ेको वीरगञ्ज महानगरपालिकाले गएको छ महिनामा साढे २४ लाख रुपैयाँ जरिवाना उठाएको छ । वीर गञ्ज महानगरपालिकाले गत विसं २०७९ पुस १७ गतेदेखि जरिवाना गर्न सुरु गरेको र हालसम्म जथाभावी फोहर फ्याँक्ने व्यक्ति र संस्था गरी नौ सय जनाबाट रु २४ लाख ६३ हजार जरिवानाबापतको राजस्व सङ्कलन गरेको सरसफाइ शाखा प्रमुख सरफुदिन मियाँले जानकारी दिनुभयो ।

"घर, पसल र कार्यालयबाट निष्किने फोहर जतातत्तै फ्याँक्ने स्थानीयहरुको प्रवृत्ति छ", सरसफाइ शाखा प्रमुख मियाँले भन्नुभयो, "त्यो प्रवृत्तिलाई निरुत्साहित गर्न हामीले फोहर फ्याँक्नेलाई जरिवाना गर्ने अभियान सुरु गरेका छौं ।" यो अभियानलाई थप प्रभावकारी बनाउन सार्वजनिक मुद्दा चलाउने योजना बनाएकोसमेत उहाँको भनाइ छ । सफा, स्वच्छ र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य गरी महानगर का ३२ वटै वडामा तीन चरणमा नियमित सरसफाइ गर्दै आएको छ ।

सफा, सुन्दर वीरगञ्जको योजनाअनुसार अहिले बिहान, दिउँसो र राति गरी तीन चरणमा नाला र सडक सरसफाइ गरिरहेको पनि उहाँले बताउनुभयो । विगतमा अस्तव्यस्त र दुर्गन्धित नगरकारुपमा परिचित वीरगञ्ज महानगर क्षेत्रलाई मुलुककै नमुना महानगर बनाउने लक्ष्यका साथ योजना अघि बढाएपछि यतिबेला वीरगञ्ज महानगर क्षेत्र सफा र सुन्दर देखिन थालेको छ । बजेट अभावका कारण देखाउँदै सर सफाइका कर्मचारी हटाएपछि भने फेरि पुरानै अवस्थामा त फर्किने होइन भन्ने चिन्ता बढेको सरसफाइ प्रमुख मियाँको कथन छ ।

"सरसफाइका कर्मचारी ले दैनिक सडक र नाला सफा गर्दा सडक चिटिक्क बनेको छ", प्रमुख मियाँले भन्नुभयो, "तर केही दिनयता सरसफाइका कर्मचारी घट्दै गएका छन्, जसका कारण अपेक्षाकृतरुपमा सरसफाइको काम हुन सकेको छैन ।" स्थायी प्रकृतिका सरसफाइ कर्मचारीले अवकाश पाएका र ज्यालादारीका रुपमा राखिएकालाई बजेट अभावका कारण हटाउनुपरेको उहाँको भनाइ छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मितिः २०८०/०९/८*

**यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट समेत स्वीकृती प्राप्त भई साविक कम्पनी indrajit construction= Pvt ltd को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित ईन्द्रजित कन्सट्रक्सन एण्ड ईन्जिनियरींग कन्सलटेन्सी प्रा.लि. अंग्रेजीमा indrajit construction and engineering consultancy Pvt ltd ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
कम्पनी दर्ता प्रमाण-पत्र

मिति: २०८०-१०-०९

Government of Nepal
Ministry of Industry, Commerce & Supplies
Office of the Company Registrar
Registration No: 195431/075/076

CERTIFICATE OF INCORPORATION OF COMPANY

This Certificate of Incorporation has been issued to M/s Indrajit Construction And Engineering Consultancy Private Limited having incorporated it on the 8 day of August, 2018 pursuant to sub-section (1) of section 5 of the Companies Act, 2006.

Date: 2024-01-23

Asst. Registrar

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
सह सम्पादक : सरिता चौधरी
समाचार सम्पादक: तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी
कम्प्यूटर लेआउट : म. फरिद
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस
कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

भुकम्पबाट बच्ने उपायहरू................

-घर ,पुल तथा अन्य संरचना बनाउादा भुकम्प प्रतिरोधी बनाऔ ।
-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौ ।
-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔ ।

परवानीपुर गाउँपालिकाको
कार्यालय बारा

# जब अभिभावकले भने- अचेल त सन्तानलाई पढाउनै मन लाग्दैन!

गत वर्ष म एकपटक धादिङ पुगेको थिएँ। त्यस समयमा विद्यार्थीहरूका केही अभिभावकसँग कुरा गर्ने अवसर मिल्यो। गफ गर्दै जाँदा थाहा भयो, ती अभिभावकका बालबालिकाहरू कतिले कक्षा ९-१० मै पढाइ छाडेका थिए, कतिले एसइई सक्ने बित्तिकै पढाइ छाडेका थिए।पढाइप्रति गुनासो पोख्दै उहाँहरूले भन्नुभयो, 'अचेल त आफ्ना सन्तानलाई पढाउनै मन लाग्दैन।'म आश्चर्यचकित भएँ। नेपालको विभिन्न ग्रामीण जिल्ला पुग्दा मैले देखेको थिएँ, अभिभावकलाई घर चलाउन जति नै कठिन भए पनि उनीहरूले आफ्ना सन्तान पढाउँछन्। त्यहाँ चाहिँ फरक कुरा सुनेर मैले कारण सोधेँ। उहाँहरूले सुनाउनुभयो, 'अब पढेर पनि के गर्नु र! खासै केही गर्न सक्दैनन्। जागिर खोज्दा जागिर पाउँदैनन्। हाम्रो पुरानो कृषिमा काम गरौं भने पढेलेखेकाहरू काम गर्दैनन्। लाज लाग्छ भन्छन्।'पढेलेखेका मानिसहरूको अनेकन गुनासो सुनाउँदै उहाँहरूले अन्तिममा भन्नुभयो, 'यस्तो शिक्षा दिएर पनि के गर्नु!'शिक्षाको महत्व बुझेका तर यस्तो निष्कर्षममा पुगेका अभिभावकहरूलाई देखेर मलाई लागेको थियो, शिक्षाको उद्देश्यबारे हाम्रो नीति र कानुनका कागजमा ठूला ठूला कुराहरू छन्, शिक्षितहरूले समाजको कायापलट गर्छन् भन्ने सोचहरू छन्! दुर्भाग्य, हाम्रो शिक्षा प्रणालीले विद्यार्थी र तिनका अभिभावकलाई उत्प्रेरणा पनि दिन सकेको छैन। शिक्षाले जिन्दगीमा फरक प्रभाव पार्छ भन्ने विश्वास दिन सकेको छैन। दैनिक जीवन र भविष्यका लागि तयारी गर्न सकेको छैन।यो त एउटा प्रतिनिधि घटना मात्र हो।आफ्नै तहबाट केही प्रेरणादायी अभ्यास पक्कै भएका छन्। तर समग्रमा हाम्रा स्कुल, कलेज र विश्वविद्यालय हेर्ने हो भने नेपालको शिक्षा प्रणाली संकटोन्मुख भएको कुरा छर्लंग देखिन्छ। यसले स्थानीय र वैश्विक दुवै आवश्यकता पूरा गर्न सकेको छैन। लाखौंको संख्यामा हाम्रा युवाहरू शिक्षा र रोजगारको लागि विदेश गइरहेका छन्।

देशमा बस्नेहरू आवश्यक ज्ञान, सीप र 'माइन्ड-सेट' नभएर बेरोजगार छन्।शिक्षा त देशमा देखिएका अनेकन समस्याको समाधानको हिस्सा हुनुपर्थ्यो। तर यो आफैं एक ठूलो समस्या बनेको छ।शिक्षाले त व्यक्तिमा आशा, उत्प्रेरणा, आत्मबल र व्यवहारमा लागू हुने सीप दिनुपर्थ्यो। तर मूलतः त्यस्तो भइरहेको छैन।हाम्रा शैक्षिक संस्थाहरू केवल प्रमाणपत्र उत्पादन गर्ने यन्त्र जस्तो मात्र भएका छन्।शिक्षालाई हेर्ने हाम्रो दृष्टिकोण सतही छ। गहिराइमा पुगेर परिकल्पना गरेका छैनौं। पुरानै ढाँचाको पाठ्यक्रम, शिक्षण सिकाइ तथा मूल्यांकन पद्धतिमा रमाइरहेका छौं।आजको दिनमा उच्च शिक्षालाई नयाँ ढंगबाट सोच्नुपर्ने बेला आएको छ। हामीले सोच्नुपर्ने छ – एउटा व्यक्तिलाई कसरी आशा, आत्मबल र उत्प्रेरणा दिन सकिन्छ! कसरी यहाँका सम्भावनाहरू खोज्न सकिन्छ! कसरी आफु र समाजबारे सोच्ने



आत्मनिर्भर र कर्मशील जनशक्ति तयार गर्न सकिन्छ!हाम्रा शैक्षिक संस्थाहरूलाई त्यस्तो बनाउन प्रयत्न गर्नुपर्ने छ जहाँबाट स्थानीय समुदाय र विश्व बुझेका जनशक्ति तयार होऊन्। जहाँबाट सफल र समाजका लागि जिम्मेवार सदस्यहरू तयार होऊन्।ऐतिहासिक पृष्ठभूमि नेपालमा शिक्षाको उद्भवलाई विभिन्न चरणमा हेर्न सकिन्छ। इतिहास खोतल्दै गर्दा गौतम बुद्धले ज्ञान प्राप्त गरेपछि विभिन्न ठाउँमा जाँदै उपदेश दिएका कथाहरू हामीले पाठ्यपुस्तकदेखि उनको उपदेश संग्रहित गरिएको पुस्तकहरूमा पढेका छौं।लिच्छवि र मल्लकालीन समयमा बनेका अनेकन धरोहर हामीले देखेका छौं। र, आजको दिनमा हामीले सहजै अन्दाज गर्न सक्छौं कि मठ, मन्दिर , पाटी, पौवा बनाउन त्यो समय पनि कसैले कसैलाई सिकाएको त पक्कै थियो।नेपालकै अरनिको सन् १२६० मा आफ्नो सीप सिकाउन सम्राट कुब्लाइ खाँको पालामा ८० जनासहित चीन गएर वास्तुकला सिकाएको कथा हामीले विद्यालयको सामाजिक शिक्षामा पढ्न पाएका थियौं।यसरी सिक्ने र सिकाउने विभिन्न अभ्यास धेरै अगाडिबाट भएको पाइन्छ।

तर यस्तो सीप कसरी सिकाइन्थ्यो भन्ने ऐतिहासिक विषयमा प्राज्ञिक अनुसन्धान भएको थाहा छैन।आजको दिनसम्म पनि अस्तित्वमा रहेको गुरू-शिष्य परम्परामा आधारित गुरूकुलीन शिक्षा प्रणालीबाट पनि विभिन्न तहको शिक्षा प्रदान गरिएको देख्न सकिन्छ।आधुनिक मानिने उच्च शिक्षाको सुरूआत भने चन्द्र शमशेरको पालामा सन् १९१८ मा 'त्रिभुवन चन्द्र कलेज' स्थापना भएर भयो। यस कलेजका लागि भारतको पटना विश्वविद्यालयबाट सम्बन्धन लिइएको थियो।राणाशासनको अन्त्य भएपछि नेपालमा नयाँ शिक्षाबारे अध्ययन र सिफारिस गर्न सन् १९५३ मा गठन भएको शिक्षा आयोगले एउटा विश्वविद्यालय खोल्न सिफारिस गरेको थियो। अमेरिकाको ओरेगन विश्वविद्यालयका प्राध्यापक डा. ह्यूग वी. उड शैक्षिक सल्लाहकारभएको आयोगले करिब २०० बि.सी.देखि सन् १४०० सम्ममा तक्षशीला, नालन्दा र विक्रमशिलाको आदर्शमा विश्वविद्यालय खोल्न सुझाएका थिए।उक्त आयोगले तयार गरेको प्रतिवेदनमा लेखिएको थियो – हाम्रो जस्तो सानो मुलुकमा किसिम किसिमका स्कुल र कलेज राख्न हामीलाई पुगीसरी आउँदैन। एउटा ठूलो विश्वविद्यालयको मातहतमा हामीले एकनासेपन ल्याउनुपर्छ।सन् १९५९ मा त्रिभुवन विश्वविद्यालय ऐन जारी गरेर त्रिभुवन विश्वविद्यालय स्थापना भयो। उक्त समयमा संसारभरि औद्योगिक क्रान्ति पश्चातको युगको लागि आवश्यक जनशक्ति तयार भइरहेका थिए। विद्यालयदेखि उच्च शिक्षासम्म सोही उद्देश्यले पाठ्यक्रम बनाइएको थियो र शैक्षिक पद्धति सञ्चालन हुन्थ्यो। औद्योगिक युग मूलतः अर्थतन्त्र केन्द्रित थियो। यस युगमा उत्पादकहरूको मूल ध्येय विशाल परिमाणमा उत्पादन गरेर उत्पादन लागत घटाउनु थियो।

यो प्रक्रिया पूर्ण नियन्त्रित र प्रभावकारितामा केन्द्रीत हुन्थ्यो।उक्त समयको शिक्षा पनि त्यस समयको समाजको विशेषता अनुसार डिजाइन गरिएको थियो। समाज स्थिर थियो। कुनै आमूल परिवर्तन हुन दशकौं वा शताब्दी नै लाग्थ्यो। कुनै आविष्कार , ज्ञान, विचार वा दर्शन संसारभरि फैलिन धेरै वर्ष लाग्थ्यो।त्यसैले उक्त समयको शिक्षाका उद्देश्यहरू पनि सपाट रूपमा परिभाषित थिए।

ती उद्देश्य पूरा गर्ने प्रक्रिया पनि परिभाषित थियो।शिक्षाको मूल उद्देश्य कुनै सीप वा सूचना सिकाउनु थियो। त्यस बेला सीप वा सूचनाको पहुँच सबैमा थिएन। शिक्षकसँग हुन्थ्यो। पुस्तकको माध्यमबाट शिक्षकहरू विद्यार्थीहरूलाईज्ञान दिन्थे, सीप सिकाउँथे। ताकि ती विद्यार्थीहरू औद्योगिक युगको लागि तयार हुन सकून्। बजारमा बिक्न सकून्।वर्तमान सन्दर्भविभिन्न शताब्दीहरूमा समाजमा आमूल परिवर्तनहरू आए। आजको समाज स्थिर छैन, कति बेला के परिवर्तन हुन्छ, कसैले आकलन गर्न सक्दैन। अर्को वर्ष कुन प्रविधिले के क्रान्ति ल्याउने हो, थाहा हुँदैन। संसारको कुनै कुनामा आविस्कार भएको कुनै ज्ञान, उत्पादन वा दर्शन केही दिनमै संसारभरि फैलिन सक्छ। आज भौगोलिक दुरीको खासै ठूलो प्रभाव छैन।दुर्भाग्यवश, हाम्रो शिक्षा भने उही शताब्दीऔं पुरानो धरातलमा छ। राणा शासनबाट मुक्ति पाएपछि हामीले सात दशकभन्दा लामो नेपालकै इतिहास हेर्ने हो भने अनेकौं परिवर्तन र प्रयोगहरू भएका छन्। विभिन्न राजनीतिक दर्शनहरू उदाए, अस्ताए, परिमार्जित हुँदै गए। अर्थतन्त्रमा पनि विभिन्न प्रयोगहरू भए। हाम्रा सडक, गल्ली, बजार र टोलहरू परिवर्तन भए। हाम्रो व्यवसाय, उद्यम, रोजगारीका क्षेत्रहरू परिवर्तन भए। हाम्रो परिवार र समुदायका मूल्य र मान्यताहरू परिवर्तन भए।सात दशकभन्दा बढी क्यालेन्डर फेरिँदा पनि हाम्रो शिक्षाको शैली भने मूलतः उस्तै छ।शिक्षा क्षेत्रले पक्कै पनि भौतिक रूपमा छलाङ मारेको छ। टोनी हेगनको डकुमेन्ट्रीमा देखिने खुला चौरमा सञ्चालित कक्षाको ठाउँमा ठूला ठूला भवन बनेका छन्। विद्यार्थीले होमवर्क वा क्लासवर्क लेख्न स्लेट र खरीको ठाउँमा कापीहरू आए। पछिल्लो समय कम्प्युटर र स्मार्टफोन आएका छन्। कक्षाकोठा अगाडि पुरानो ब्याट्रीभित्रको कालो म्यान्गानिज डाइअक्साइडले पोतिने कालो पाटी र धूलैधूलो निस्किने खरीको ठाउँमा ह्वाइट बोर्ड र मार्कर आएका छन्।

कतै प्रोजेक्टर त कतै स्मार्ट बोर्ड आएका छन्। समग्रमा शिक्षाले प्रवर्द्धन गर्न खोजेको कुरा उस्तै छ – विषयवस्तुको बुझाइ र त्यसका लागि लेखन परीक्षा।केही विषयमा केही अंकको व्यावहारिक परीक्षा पनि छन् तर कतिपय ती पनि लेखनमा नै आधारित छन्। बुझाइ, विश्लेषण र संश्लेषण, जे भने पनि ती विषयवस्तुहरू ज्ञानको पुनरावृत्ति मात्र हुन्।हाम्रो समग्र शिक्षामा गराइ र सोचाइ भने प्रवर्द्धन नै गरिएन।

अठारौं शताब्दीका युरोपियन थोमस माल्थसको सिद्धान्त रटाइयो, विश्लेषण र संश्लेषण गराइयो। तर आफ्नो परिवार र टोलको जनसंख्या र अर्थतन्त्रमा सोच्न लगाइएन। कुनै सिर्जनात्मक कामको अनुभव दिइएन।छोटकरीमा भन्दा सिकाइ, सोचाइ र गराइमा होइन, पढाइमा ध्यान दिइयो।'सा विद्या या विमुक्तये' भन्दै विद्याको लक्ष्य मुक्ति वा स्वतन्त्रतासँग जोडिएको पाइन्छ।

तर हाम्रो शिक्षा स्वतन्त्रता उन्मुख छ जस्तो नै लाग्दैन।पढाइले व्यक्तिलाई कस्तो सोच्ने र गर्ने बनायो भनेर प्राज्ञिक अनुसन्धान भएको थाहा छैन। तर दैनिक अनुभवको आधारमा हेर्दा लाग्छ – आजको पढाइले मानिसलाई समाजबाट टाढा बनायो, दम्भी बनायो। अवसर देख्नेभन्दा पनि समस्यामै अल्झेर गनगन गर्ने बनायो। आफ्नो पहलकदमीमा केही गर्नेभन्दा पनि कुरा काट्दै बस्ने र गफ हान्ने बनायो। आफूले अरूलाई केही दिनेभन्दा पनि सधैं अरूसँग अपेक्षा गर्ने मात्र बनायो।हाम्रो समाजलाई आजको दिनभन्दा चेतना र कर्मको तहमा अगाडि लैजान सकिन्छ। आफ्नो धरातलमा आधारित र विश्वसँग जोडिएको विकसित र समृद्ध बनाउन सकिन्छ। कतिपय समृद्ध मुलुकले यस्तो गरेर देखाएका छन्। यसका लागि परिवर्तन सुरू गर्नुपर्ने एउटा महत्त्वपूर्ण ठाउँ हो शिक्षा।यो लेखमा मैले आजको दिनमा उच्च शिक्षाको उन्नयनका लागि परिकल्पना गरेर व्यवहारमा लागू गर्नुपर्ने केही विचारहरू प्रस्तुत गरेको छु।विगत २४ वर्षको मेरो उच्च शिक्षाको अनुभव र अध्ययनको आधारमा आजको सन्दर्भमा हाम्रो उच्च शिक्षालाई आधारभूत रूपमै पुनः परिकल्पना गर्नुपर्ने देखिन्छ। अब विश्वविद्यालयको मोडल र तिनले सञ्चालन गर्ने कार्यक्रममा विविधता हुनुपर्छ। विद्यार्थीहरूको चाहना र समाज-बजारको आवश्यकताका आधारमा फरकफरक मोडलमा शैक्षिक संस्थाहरू सञ्चालन हुन आवश्यक छ।विविधताको आवश्यकताआजको दिनमा पनि सन् १९५३ मा गठित शिक्षा आयोगले दिएको सिफारिसकै आधारमा हाम्रो उच्च शिक्षा सञ्चालन भएको देखिन्छ। काठमाडौंको कीर्तिपुरमा स्थापित त्रिभुवन विश्वविद्यालयको देशभरि हजारभन्दा बढी आंगिक क्याम्पसहरू छन्।

सबै क्याम्पसमा विषय अनुसार समान पाठ्यक्रम पढाइन्छ र एकै समयमा समान रूपले परीक्षा लिइन्छ। नेपालका विविध विशेषता बोकेका चार कुनाका जिल्लाहरू झापा, ताप्लेजुङ, हुम्ला र कञ्चनपुरमा पढाउने कुरा, शैली र जाँच्ने परीक्षामा केही भिन्नता छैन।आफ्नो क्षेत्रको सान्दर्भिक शिक्षा डिजाइन गर्ने हेतुले मोरङको गोठगाउँमा खुलेको पूर्वाञ्चल विश्वविद्यालयको आंगिक क्याम्पस पूर्वाञ्चलमा भन्दा पनि काठमाडौंमै बढी छन्। पढाइने विषय र तरिकामा पनि त्रिभुवन विश्वविद्यालयभन्दा तात्विक फरक छैन।हाम्रा विश्वविद्यालयहरू यसरी औद्योगिक युगको 'मास प्रोडक्सन' मोडलमा नै चलेका छन्। अब यसमा विविधता खोज्ने मोडलहरूका लागि सरकारले पहल र सहजीकरण गर्नैपर्छ।विश्वविद्यालयलाई सम्बन्धन दिने निकायका रूपमा मात्र होइन, 'इन्डिपेन्डेन्ट' क्याम्पसहरूको रूपमा पनि परिकल्पना गरेर सञ्चालन गरिनुपर्छ।विविधता सम्बोधन हुने गरी विश्वविद्यालयका फरक मोडल हुन सक्छन्। विश्वविद्यालयभित्र पनि कार्यक्रमका विविध मोडलहरू हुन सक्छन्।पहिलो ध्यान दिनुपर्ने पक्ष हो भूगोल र समाज अनुसार फिजिक्स

# वैदेशिक रोजगारीमा...................

धेरै १५ हजार आठ सय २३ जना छन् । धनुषापछि सबैभन्दा धेरै वैदेशिक रोजगारीमा जाने जिल्लामा चितवन रहेको संयोजक पौडेलले जानकारी दिनुभयो । यहाँबाट अघिल्लो आवमा एक हजार एक सय ६१ जनाले राहदानी बनाएका थिए । चितवनमा सबैभन्दा बढी भरतपुर महानगर पालिकाका छ हजार पाँच सय ६१ जनाले श्रम स्वीकृत लिएका छन् । त्यस्तै माडी नगरपालिकाबाट दुई हजार एक सय २७, इच्छाकामना गाउँपालिकाबाट एक हजार आठ, र रत्ननगर नगरपालिकाबाट एक हजार चार सय ७१, कालिका नगरपालिकाबाट एक हजार छ सय ७९, खैरहनी नगर पालिकाबाट एक हजार छ सय आठ र राप्ती नगरपालिकाबाट एक हजार दुई सय ९१ जनाले श्रम स्वीकृत लिएका छन् ।

वैदेशिक रोजगारीका क्रममा चितवनमा ठगिनेसमस्या रहेको छ । जिल्ला प्रशासन कार्यालय चितवनमा चालु आवमा एक सय ३६ निवेदन पर ेका थिए । त्यसमध्ये ६० प्रतिशत मानिसको विचौलियाले पैसा उठाएर भागेको निवेदन परेको थियो । स्वदेशमै रोजगारी सिर्जना गर्नका भरतपुर महानगरपालिका लागिपरेको उपप्रमुख चित्रसेन अधिकारीले बताउनुभयो । "अवैधरुपमा विदेश जानेको सङ्ख्या पनि कमी छैन । भारतमा जानेको सङ्ख्या उत्तिकै छ", उहाँले भन्नुभयो, "हामी जनप्रतिनिधि यहाँ भएको साधन स्रोत, जल, जमिन, जङ्गललाई उपयोग गर्दै यहाँ भएको सीपलाई उत्पादनसँग जोड्नुपर्छ । यसका लागि हामी प्रयासरत छौं ।" वैदेशिक रोजगार देशव्यापी समस्या रहेको उहाँले बताउनुभयो ।

# भूमिगत सिँचाइमा क्षेत्र बढ्यो, बजेट छैन

चितवन, २५ माघ :

चितवन भूमिगत संयोजनात्मक जल सिँचाइ आयोजनाको कार्यक्षेत्र बढे पनि बजेट बढ्न नसक्दा मागअनुसार काम गर्न कठिन भएको छ । आयोजनाले चितवनसहित छवटा जिल्ला हेर्ने भए पनि पर्याप्त बजेट नहुँदा मागअनुसार को काम हुन नसकेको हो । आयोजनाका प्रमुख देव कुमार स्याङ्वोका अनुसार चालु आर्थिक वर्षका लागि स्यालो ट्युवेलको एक हजार भन्दा बढी माग भएको छ ।

जसमा स्वीकृत कोटा १० वटामात्रै रहेको उहाँले जानकारी दिनुभयो । यस्तै डिपट्युबेल ५० भन्दा बढी माग भएकामा १३ वटाको मात्रै कार्यक्रम रहेको छ । स्याङ्वोले भन्नुभयो, "चालु आवबाट कार्यक्षेत्र थप गरिएको छ । तर बजेट बढ्न नसक्दा मागअनुसारको काम हुनसकेको छैन ।" उहाँका अनुसार गत आवमा चितवन र मकवानपुर जिल्ला हेर्दै आएको यस आयोजनाले अहिले नवलपरासी (वर्दघाट-सुस्तापूर्व), बारा, पर्सा, रौतहट र सर्लाही कार्यक्षेत्र थप गरिएको हो ।स्यालो ट्यबेलका लागि रु ५० लाख र डिपट्युबेलका लागि रु १० करोड बजेट रहेको आयोजना प्रमुख स्याङ्वोले जानकारी दिनुभयो । यस वर्ष चितवनमा १० र मकवानपुरमा तीनवटा मात्रै डिपट्युबेल निर्माण गर्ने योजना रहेको छ । आयोजनामा डिपट्युबेलको बोरिङ निर्माण मात्र तीन र पाइप लाइनसहितका सातवटा रहेको उहाँले जानकारी दिनुभयो । स्यालोट्युबेल चितवनमा निर्माण गरि ने उहाँले बताउनुभयो ।स्यालो ट्युबेलले चार बिघा र डिपट्युबेलले ४० बिघा क्षेत्रफल सिँचाइ हुने गरेको छ । गत वर्ष आयोजनामा रु ४० करोड बजेट विनियोजन गरिएको थियो । जसबाट एक सय ६० स्यालो ट्युवेल र ३५ डिपट्युबेल जडान गरिएको थियो । स्याङ्वोले भन्नुभयो, "डिपट्युबेल मकवानपुरमा छ र चितवनमा २९ वटा निर्माण गरिएको थियो ।" स्थानीय सरकारले सिँचाइमा खासै चासो नदिँदा सिँचाइका कार्यक्रम प्रभावकारी रूपमा अघि बढ्न नसकेको उहाँले बताउनुभयो ।

सत्य तथ्य र निष्पक्ष सामाचारका लागि शुभम सन्देश राष्ट्रिय दैनिक खोजी खोजी पढौं ।

# जब अभिभावकले भने- अचेल.......................

पाठ्यक्रममा विविधता।हिमाल, पहाड र तराईका फरक विशेषता र आवश्यकताहरू छन्। यी ठाउँमा खाना, व्यवसाय, संस्कृति, प्रकृति पनि पृथक छन्। यही विविधता सम्बोधन गर्ने गरी विश्वविद्यालयका विविध मोडलहरू हामीले सोच्नुपर्छ।यसका लागि म उदाहरण दिन्छु।पूर्वी पहाडमा चिया र अलैंचीका लागि धेरै सम्भावना छ। तराईमा आँप, धानको सम्भावना छ। मध्य पहाडमा स्याउ, पैदल यात्रा सम्बन्धी पर्यटनको सम्भावना छ। काठमाडौं वास्तुकलामा धनी छ। धनुषा मिथिला सभ्यताको मुहान हो। यी फरक ठाउँमा फरक आवश्यकता र सम्भावनाहरू छन्।पूर्वी पहाडमा चिया सम्बन्धी अध्ययन र अनुसन्धान हुँदा त्यसले समग्र समाजलाई नै फाइदा पुऱ्याउँछ। विश्वविद्यालयले चियाको बजारीकरण, उत्पादन, नवप्रवर्तन सम्बन्धी केही ज्ञान सिर्जना गर्न सक्यो भने त्यसले त्यहाँका मानिसको जीवन र समग्र देशकै अर्थतन्त्रमा प्रभाव पार्छ।

मिथिला सभ्यताको अध्ययन, अनुसन्धान, चिन्तन गरेर त्यसलाई आधुनिक युगमा प्रस्तुत गर्ने आकर्षण तरिका विश्वविद्यालयले सिर्जना गर्न सक्यो भने त्यसले समाजको लागि ठूलो योगदान पुऱ्याउँछ।करिब बीस वर्षअगाडि चितवनको सौराहा जाँदा राप्ती नदीमा मैले 'एलिफेन्ट बाथिङ' देखेको थिएँ। एउटा हात्तीले आफ्नो सुँढले पानी उठाएर मान्छेमा हाल्छ र त्यसका लागि विदेशी पर्यटकले पैसा तिर्छन्। केही वर्षअगाडि म चितवन जाँदा पनि त्यही कुरा देखेँ।यो क्रियाकलापसँग हाम्रो शिक्षाले कहिल्यै सरोकार राखेन। हामीसँग राप्ती नदी छ, हात्ती छन्, माउतेहरू छन्। तर बीस वर्षअगाडि जे गरिन्थ्यो, त्यसमा नयाँ 'भ्यालु' जोड्ने काम हामीले गर्न सकेनौं।अब शिक्षा यस्ता गतिविधिसँग पनि जोडिनुपर्छ। ५ डलर आउने क्रियाकलापमा के जोड्यो भने ५० डलर वा ५ सय डलर आउन सक्छ भनेर अनुसन्धान गरिनुपर्छ।पोखरा जाँदा फेवातालको किनारमा एउटा सरकारी निकायका एक सदस्यले मादल बेच्न खोज्दै मलाई भने, 'हाम्रो संस्कृति बचाउन भए पनि यो मादल किनिदिनुपऱ्यो।'नेपालको 'युनिक' बाजा एउटा मादल पनि हो। तर मादलको स्वरूप आजभन्दा कैयौं वर्षअगाडि जस्तो थियो, आज पनि त्यस्तै छ। त्यसको आकार, प्रकार, र ड आदिमा नयाँ प्रवर्तन गर्न सक्ने हो भने त्यसको 'भ्यालु' बढ्छ। पर्यटकहरूलाई आकर्षण गर्न सक्छ।भक्तपुर र देशका विभिन्न ठाउँमा पुग्दा माटाको भाँडा बनाएको देख्छु। केही दशकमा हामीले हाम्रो ठाउँमा बनाएको माटाको भाँडा हेर्ने हो भने तात्विक फरक छैन। उस्तै प्रविधिबाट चीनबाट फरक रङ र आकारका माटाका भाँडाहरू नेपाल भित्रिन्छन्। हाम्रो माटाको भाँडा बनाउने प्रविधिमा विश्वविद्यालयले अध्ययन, अनुसन्धान र प्रयोग गर्ने हो, चीनजस्तो उत्पादन गर्न सकिने तरिकाहरू पत्ता लाएर प्रयोग गर्ने हो भने हाम्रैमा नयाँ उद्यमहरू निस्किने छन्। पैसा बाहिरि ने छैन।हामीसँग विभिन्न भूगोलमा संस्कृति, व्यापारज्ञान फरकफरक छन्। हामीसँग फरक गीत, संगीत, खाना, वेशभूषा, भाषा छन्। कतिपय देशले ती फरक पहिचान बोकेका पक्षलाई अर्थतन्त्रसँग जोडेका छन्। पर्यटकलाई आकर्षित गरेका छन्। सानो भूगोलमा हाम्रो जस्तो विविधता साँचिकै आकर्षक छ।

अब यो विविधताको अध्ययन, अनुसन्धान, प्रयोग, आविष्कार विश्वविद्यालयमा हुनुपर्छ।समाज र विश्वविद्यालय जोडिने हो भने त्यसले सबैलाई सहयोग पुऱ्याउँछ। सबभन्दा महत्त्वपूर्ण कुरा, उक्त प्रक्रियामा विद्यार्थीहरूले आफ्नो समुदायलाई नजिकबाट चिन्छन्। चिनेपछि समानुभूति बढ्छ। यो प्रक्रियाले उनीहरूको सीप विकास गर्छ।

अनि आफ्नै ठाउँमा अवसरहरू खोज्न सक्छन्। अरू ठाउँ गए भने पनि उक्त सीप उपयोग गर्न सक्छन्।उदाहरण हेरौं।अमेरिकामा करिब एक सय वर्षअगाडि खुलेको युनिभर्सिटी अफ सिनसिनाटी को-अपरेटिभ मोडलमा सञ्चालित छ। यसमा पहिलो वर्ष विद्यार्थीहरू विश्वविद्यालयमा सिक्छन्, दोस्रो वर्ष उद्योगमा गएर सिक्छन्, तेस्रो वर्ष विश्वविद्यालयमा नै र चौथो वर्ष फेरि उद्योगमा गएर सिक्छन्।

यहाँ मैले भन्न खोजेको कुरा हाम्रो समाजमा रहेका विविध स्रोत, साधन, कला, संस्कृति र सम्भावनाबाट सिकेर त्यसमा नयाँ प्रविधि र प्रयोग गरेर भ्यालु जोड्दै तथा विस्तारि त गर्दै जानु आवश्यक छ। यसका लागि समुदायसँग गहन रूपमा बुझ्दै सहकार्य गर्ने शिक्षा डिजाइन गरिनुपर्छ।ध्यान दिनुपर्ने दोस्रो विषय हो – विश्वविद्यालयको आकार मा विविधता। विश्वविद्यालय भन्ने बित्तिकै हाम्रो लागि त्रिभुवन विश्वविद्यालय जत्रो लाखौं विद्यार्थीहरू अध्ययन गर्ने संस्था भन्ने चित्र आउन सक्छ। तर विद्यार्थी संख्याभन्दा पनि प्रभावको कोणबाट हेरिनुपर्छ। विश्वविद्यालय ठूलै हुनुपर्छ भन्ने छैन। सानो सानो विशिष्टिकृत एकाइलाई पनि प्रवर्द्धन गर्नुपर्छ। विश्वविद्यालय भीमकाय स्वरूपको मात्र हुनु हुँदैन। सन् २०१२ मा म अमेरि काको केन्टुकेस्थित बेअरिया कलेज पुगेको थिएँ। उक्त समयमा कलेजमा करिब २ हजार ६ सय विद्यार्थीहरू पढ्थे। भर्ना भएका ती सबै विद्यार्थी कलेजभित्रै काम गर्थे। उनीहरूले कलेजको 'ट्युसन फी' तिर्नुपर्दैन थियो।

उनीहरू फर्निचर बनाउनेदेखि लिएर पेन्टिङ गर्ने जस्ता काम गर्थे। त्यसलाई समुदायसँग जोड्ने काम चाहिँ कलेजले गर्थ्यो।यो एउटा उदाहर ण मात्र हो। विभिन्न देशमा सानो एकाइका 'इन्डिपेन्डेन्ट' कलेजहरू छन्। जस्तै: अमेरिकास्थित डार्टमथ कलेज, भारतको हैद रावादस्थित इन्डियन स्कुल अफ बिजनेस, आदि।विभिन्न देशमा आफ्नो प्रयोजन अनुसार विभिन्न युनिभर्सिटीहरू छन् – रिसर्च युनिभर्सिटी र एप्लाइड साइन्सेस युनिभर्सिटी।हाम्रोमा पनि विभिन्न प्रयोग गर्ने साना साना मोडलहरू खुल्ने नीतिगत व्यवस्था गर्नुपर्छ।तेस्रो, संकायमा विविधता।स्थापनाको क्रममा र हेको नेपाल विश्वविद्यालयले 'लिवरल आर्ट्स' मोडलमा आफ्ना संकाय सञ्चालन गर्ने हामीले थाहा पाएका छौं।

हो, हामीले यस्ता विभिन्न संकाय जोडिने मोडलहरू कार्यान्वयनमा आउने गरी सोच्नुपर्छ। यसका लागि केही तरि काहरू हुन सक्छन्।एउटा, विद्यार्थीहरूलाई रूचिको भए फर कफरक संकायका कोर्स अध्ययन गर्न पाउने अवसर।जस्तै – कसैले

# गोदाम भरिएपछि 'मिल्क उद्योग' बन्द

चितवन, २५ माघ :

दूध प्रशोधन गरेर तयार पारिएका दुग्धजन्य पदार्थले कोल्डस्टोर र गोदाम भरिएपछि भरतपुरस्थित मिल्क उद्योग बन्द भएको छ। उत्पादन गरिएका पाउडर दूध र बटर बिक्री नभएर तयारी वस्तु राख्ने ठाउँ अभाव भएपछि उद्योग बन्द गरिएको हो ।यही माघ २० गतेदेखि दूध सङ्कलन र ोकिएको छ। भण्डारण गरिएको दूधको प्रशोधन गरेर २२ गतेदेखि उद्योग बन्द गरिएको उद्योगका प्रबन्धक दुर्गा पराजुलीले जानकारी दिनुभयो । "सहकारी र दुग्ध उद्योगले प्रशोधनका लागि ल्याएका दूध प्रशोधन गरेर पाउडर र बटर बनाउने गरिन्छ । उद्योगले प्रशोधन शुल्क लिएर दुग्धजन्य पदार्थ सम्बन्धित व्यक्तिलाई पठाउँछ", उहाँले भन्नुभयो । उहाँका अनुसार सहकारी र दुग्ध उद्योगले बिक्री गर्न नसकेपछि दुग्धजन्य पदार्थले गोदाम र कोल्डस्टोर भरिएका हुन् ।प्रबन्धक पराजुलीका अनुसार पाउण्डर दूधले गोदाम, चिनी भण्डारण गर्ने, कपडा फेर्ने ठाउँ, क्यान्टिन सबै भरिएको छ। बीस हजार बोराभन्दा बढी दूध बाँकी रहेको जनाउँदै उहाँले पाँच सय टनभन्दा बढी बटर कोल्डस्टोर मा थन्किएको बताउनुभयो ।

"हामीसँग रु एक अर्बभन्दा बढी दुग्धजन्य पदार्थ गोदाममा थन्किएको छ", पराजुलीले भन्नुभयो, "डेरी उद्योग र सहकार ीलाई सामान लैजान ताकेता गरिर हेका छौं । उहाँहरुले सामान नलगेपछि उद्योग सञ्चालन गर्नै नसकेर बन्द गरेका हौं।"विसं २०६४ मा स्थापना गरिएको उक्त उद्योग भूकम्पसँगै बन्द हुन पुगेको थियो। विसं २०७५ देखि उद्योगले डेरी र सहकारीको दूध शुल्क लिएर प्रशोधन गर्ने काम गरिरहेको छ। प्रतिलिटर पाउडर दूधको रु एक सय १३ र बटरको प्रतिकिलो रु ५५ लिएर उद्योगले प्रशोधन गर्दै आएको छ । प्रशोधन गर्ने उद्योग र चिस्यान केन्द्र सबैमा दुग्धजन्य पदार्थ मौज्दात रहेको उद्योगका प्रबन्धक पराजुलीले जानकारी दिनुभयो। उहाँका अनुसार ३१ दुग्ध उद्योग र सहकारीको दूध भण्डार भएर बसेको छ। उत्पादन बिक्री हुन नसकेपछि उद्योग आर्थिकरूपमा समेत समस्यामा पर ेको उहाँको भनाइ थियो ।दुग्ध उद्योग र सहकारीले आफ्नो उत्पादन बिक्री नभएपछि किसानले दूधको भुक्तानी पाउन सकेका छैनन् । प्रशोधनसमेत रोकिएपछि 'मिल्क होलिडे'को सम्भावना बढेर गएको भन्दै किसान चिन्तित भएका छन् ।

# डिप्रेसनको औषधि.........................................

उनले एउटा सञ्चारमाध्यममा अन्तर्वार्ता दिंदा खेल्न जाँदा आफ्नै पैसाले टिकट काटेर गएको तर त्यो टिकटको पैसा टेबलटेनिस संघ तथा राष्ट्रिय खेलकुद परिषद् कतैबाट नपाएको भनेर दुःखेसो गरेकी थिइन् ।त्यही विषयलाई लिएर उनले टेबलटेनिस संघका पदाधिकारीबाट गाली खाइन् ।

उनको करिअर सकाइदिने धम्की पाइन् । 'म खेलिरहेकै ठाउँमा आएर मलाई एक पदाधिकारीले थर्काउनुभयो ।

त्यसपछि मैले ब्याटको रबर च्यातेर अब खेल्दिनँ भनेर बसेकी थिएँ । 'सिक्काको दिमागमा टेबलटेनिस खेलेर केही हुँदैन भन्ने भइसकेको थियो । यो कुराले सिक्कालाई डिप्रेसनमा धकेल्यो । 'मैले दुई वर्ष डिप्रेसनको औषधि खाएँ । धेरैले मलाई नाटक गर्छे भने, तर वास्तविकता फरक थियो । जुन मैले भोगेकी थिएँ ।'औषधिकै कारण तौल बढेको र खेल्न गाह्रो भएको उनको अनुभव छ ।

तर डिप्रेसन लामो समय रहेन । उनले नवौं राष्ट्रिय खेलकुदमा आफूलाईर् पुनः तयार पारिन् र मैदानमा उत्रिइन् । जसको फलस्वरुप उनले नवौं राष्ट्रिय खेलकुदमा डबल्सतर्फ स्वर्ण, टिम इभेन्टमा रजत र सिंगल्समा कांस्य जितिन् ।

त्यो उनको करिअरको 'रि-स्टार्ट' भयो ।करिअर 'रि-स्टार्ट' भइसकेको भन्दै सिक्का आफूलाई 'हर्ट' गर्ने ती पदाधिकारीको नाम लिएर फेरि विवादमा आउन नचाहेको बताउँछिन् । तर उनी यसलाई ईख लिएर खेल राजनीतिमा आउन उत्प्रेरित भएको बताउँछिन् ।२०७७ सालमा लिभरपुल कलेजबाट स्नातक सकेर अहिले त्रिभुवन विश्वविद्यालयमा स्पोर्ट्स साइन्स पढिरहेकी उनी भन्छिन्, 'राजनीतिले मेरो जीवनमा पनि ठूलो असर पारेको छ। मपछि यसैमा आउन चाहन्छु।' 'उनी अहिले एभीएम स्कुल र स्वस्तिक श्री गुरुकुलमा टेबलटेनिस प्रशिक्षकको रूपमा पनि कार्यरत छिन् ।

'एउटा खेलाडी हुनु र प्रशिक्षक हुनु फरक कुरा हो', प्रशिक्षक पुरुषोत्तम बज्राचार्यको सहायक भई साना खेलाडी उत्पादनमा उनको योगदान रहने गरेको छ ।'सरले ६०/७० जना एक्लैले हेर्न सक्नुहुन्थ्यो । अनि सरलाई सहयोग गर्दै जाँदा प्रशिक्षण सिकियो ।' यही प्रशिक्षणबाट आउने पारिश्रमिक नै उनको मुख्य आम्दानीको स्रोत हो । त्यस बाहेक सिक्काले अनलाइनमार्फत टेबलटेनिस किट्सको व्यवसाय पनि चलाउँछिन् ।

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# सरस्वतीको मूर्ति बनाउन भ्याइनभ्याइ

राष्ट्रिय समाचार समिति (रासस)
महेन्द्रनगर (धनुषा), २५ माघ :

सरस्वती पूजा नजिकिँदै गर्दा यहाँका मूर्तिकारलाई सरस्वतीको मूर्ति बनाउन भ्याइनभ्याइ छ । अरुबेला फुर्सदमै रहने मूर्तिकारहरुलाई नजिकिँदो सरस्वती पूजाले व्यस्त बनाएको छ । आगामी फागुन २ गते हुने सरस्वती पूजा परेकाले सोही पूजाका लागि मूर्ति बनाउन उनीहरु व्यस्त भएका हुन् ।

पूजामा प्रयोग गरिने मूर्तिको बिक्रीबाट अर्थोपार्जन गर्ने उद्देश्यले माटोबाट सरस्वतीको प्रतिमा बनाउन थालिएको मूर्तिकार रामकुमार मण्डल बताउनुहुन्छ । धनुषाका करिब ४० ठाउँमा मूर्तिकारहरुले मूर्ति बनाइरहेका छन् । धनुषाको तिनकौरीया चोक, यदुकोहा बजार, सबैला बजार, भठियन, वीरेन्द्रबजार, गोदार, ढल्केवर, महेन्द्रनगर, सपही चोक, लक्ष्मीनिया बजार, तरापट्टी बजार, धनुषाधाम, धरापानी, कुर्था बजार, जनकपुरधामको मुजेलिया, क्याम्पस चोक, विद्यापति चोक शुक्रबारी हटिया, बिन्दही, महुवालगायतका मूर्तिकारहरु सरस्वतीको मूर्ति बनाउन व्यस्त देखिएका छान् ।

मूर्तिकार मण्डलले यस वर्षका लागि २७ वटा मूर्ति बनाइसक्नुभएको छ । उहाँसँग प्रतिगोटा रु तीन हजार देखि १५ हजारसम्मका मूर्ति छन् ।

अर्का मूर्तिकार रामनारायण पण्डितले ३५ वर्षदेखि मूर्ति बनाउँदै आएको बताउनुभयो । “आवश्यकताअनुसार ठाउँठाउँमा पुगेर मूर्ति बनाउँदै आइरहेको छु”, उहाँले भन्नुभयो । पण्डितको मुख्य पेशा नै मूर्ति बनाउने हो । सरस्वती पूजाका लागि रु पाँच हजार देखि ३० हजारसम्मका मूर्ति बनाएर बिक्री गरिरहेको उहाँले बताउनुभयो ।

सरस्वतीको एउटा मूर्ति तयार गर्न करिब चार जनालाई पाँचदेखि १० दिनसम्म लाग्ने उनीहरुको भनाई छ । कतिपय मूर्तिकारले स्थानीयलाई रोजगारी पनि दिएका छन् । माटो, काठ, रङ कपडा तथा परालबाट मूर्ति ब नाइन्छ ।

विशेषगरी सरस्वती पूजाका लागि बनाइएका मूर्ति त्यस दिन विद्यालय तथा घरमा लगी विद्यार्थी एवं साधकहरुले पूजा गर्ने गर्दछन् ।

# छोरी कुट्ने बुबा धरौटीमा रिहा

राष्ट्रिय समाचार समिति (रासस)
हेटौँडा, २५ माघ :

आफ्नी छोरीलाई निर्घात कुटपिट गरको आरोपमा पक्राउ परेका बाबु धरौटी बुझाएर रिहा भएका छन् । जिल्ला अदालत मकवानपुरले महोत्तरी एकडाँडा गाउँपालिका-३ घर भई हाल हेटौँडा-५, सिँचाइटोल बस्ने २७ वर्षीय रामजी मण्डललाई रु ५० हजार धरौटीमा रिहा गर्ने आदेश दिएको हो ।

गत पुस २१ गते मण्डलले आफ्नी चार वर्षीया छोरीलाई पढाउने क्रममा कुटपिट गरेको आरोपमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।मण्डलले छोरीलाई पेन्सिलले मुख र शरीरका विभिन्न भागमा घोचेर घाइते बनाएका थिए । घाइते छोरीलाई हेटौँडा अस्पतालमा उपचार गरी घर लगिएको छ ।बालिकालाई कुटपिट गर्ने मण्डललाई प्रहरीले नियन्त्रणमा लिइ अनुसन्धानका लागि हिरासतमा राखेको थियो । उनीमाथि बालबालिकाविरुद्ध कसुर मुद्दामा कारबाही सुरु भएको हो ।

# वैदेशिक रोजगारीमा जानेमा चितवनबाट उच्च

राष्ट्रिय समाचार समिति (रासस)
भरतपुर, २५ माघ :

श्रम स्वीकृत लिएर वैदेशिक रोजगारीमा जाने जिल्लाहरू मध्ये चितवन पहिलो रहेको छ । बागमती प्रदेशका १३ जिल्लामध्ये चितवनमा यसवर्षमा १५ हजार आठ सय २३ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृत लिएका छन् । श्रम स्वीकृत नलिई विदेश जानेको सङ्ख्या पनि उच्च रहेको वैदेशिक रोजगार एवं आप्रवासन र समी कार्यक्रमका कार्यक्रम संयोजक सूर्यप्रसाद पौडेले बताउनुभयो । “चितवनबाट उच्च शिक्षाका लागि अष्ट्रेलिया, अमेरिया, बेलायतलगायतका यूरोपका देशमा जानेको सङ्ख्या बढी छ”, उहाँले भन्नुभयो, “विदेश नजाने घर भेट्नै मुस्किल हुन लागिसक्यो”, उहाँका अनुसार “भरतपुर महानगरपालिकामा मात्रै ३४ हजार पाँच सय घरधुरीका कुनै न कुनै व्यक्ति वैदेशिक रोजगारीमा गएका छन् ।” आर्थिक वर्ष २०७९/२०८० मा नेपालबाट सात लाख ७१ हजार तीन सय २७ जनाले श्रम स्वीकृत लिएको श्रम तथा रोजगार विभागको तथ्याङ्कमा रहेको छ । यसमध्ये बागमती प्रदेशबाट मात्रै एक लाख १६ हजार नौ सय ३२ जनाले श्रम स्वीकृति लिएका छन् । श्रम स्वीकृति लिनेमा चितवन जिल्लाबाट सबैभन्दा

**बाँकी तेस्रो पृष्ठमा**

जाडोको समयमा चिसो बाट बचौ ।
- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं ।
- न्यानो कपडा लगाऔं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- बालबालिकालाई तेल मालिस गरिदिऔं ।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं ।
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं ।
- दैनिक घाम ताप्ने गरौं ।

माहागढिमाई नगरपालिकाको
कार्यालय ,बरियारपुर ,बारा

# खेल खबर

## डिप्रेसनको औषधि खाएर जोगाएको खेल करिअर

माघ, काठमाडौं । धरानको घोपा क्याम्पमा २०५६ सालमा जन्मिएकी सिक्का सुवाललाई बाल्यकालमा ‘तिमी के बन्ने’ भन्दा उनी ‘खेलाडी’ भन्थिन् ।‘मलाई विद्यालयमा कुनै शिक्षकले तिमी ठूलो भएपछि के बन्ने भन्दा म खेलाडी भन्थें’ उनी अहिले पनि स्मरण गर्छिन्, ‘मलाई खेलकुदमा लगाव थियो तर केको खेलाडी बन्ने भन्ने थाहा थिएन ।’धरानमा जन्मे पनि उनको बाल्यकाल गोरखामा बित्यो ।

बुबा शिव सुवाल श्रेष्ठ बास्केटबल खेल्ने भएकाले उनले बास्केटबल पनि खेलिन् । सदरमुकामकै स्कूलमा पढ्दा दाइहरूसँग फुटबल खुब खेल्थिन् । फुटबल खेल्दा लागेको चोटको खत उनको हातमा अझै छ । ‘मलाई खेल्न नआउने हुँदा किपर राख्दिनुहुन्थ्यो’ हातको खत देखाउँदै उनी भन्छिन्, ‘केटाहरूको सट छेक्दा मेरो हातको यो कान्छी औंला नै भाँचिएको थियो ।’८ कक्षा पढ्न उनी ललितपुरको ग्वार्कोस्थित बाल दीक्षा सदनमा भर्ना भइन् । यहाँ उनले बास्केटबल पनि खेल्न थालिन् ।

८ कक्षामा पढ्दा नै उनी सहितको बास्केटबल टिमले स्कुलस्तरीय प्रतियोगितामा उपाधि नै जित्यो ।‘मेरो रुचि आउट डोर स्पोर्टस्मा थियो । म बास्केट बल धेरै खेल्थें’ उनी भन्छिन्, ‘विद्यालयस्तरीय एलए कपमा मैले एक वर्ष भित्रमा नै उपाधि जितें । ’तर उनको फुटबल र बास्केटबलको यात्राले लामो गति लिन सकेन । उनलाई एङ्कल इन्जुरीले सतायो । खुट्टाको दुखाइले सताएपछि उनी बास्केटबल कोर्टमा उफ्रिन छाडेर साथीहरूको खेल हेर्न टेबलटेनिस हलमा छिरिन् ।त्यहाँ उनका साथीहरूले टेबलटेनिस खेलि रहेका थिए ।

उनीहरूको खेल ध्यानपूर्वक नियाल्दा सिक्का टेबलटेनिस खेलाडीमा देखिएको छरितोपनले लोभिइन् ।उनले एकटकले टेबलटेनिस हेरेको देखेर बाल दीक्षा सदनका तत्कालीन टेबलटेनिस प्रशिक्षक मोहनदास वासुकलाको ध्यान तानियो । ‘मलाई सरले तिमीलाई खेल्नुछ भने अरू ३० जना जति केटीहरू खोजेर लिएर आऊ भन्नुभयो’ उनले भनिन्, ‘उहाँलाई टेबलटेनिस सिकाउन स-साना केटीहरू चाहिएको रहेछ, म भोलिपल्ट बहिनीहरू जम्मा गरेर हलमा गएँ । ’दोस्रो दिनबाटै बहिनीहरू घट्दै गए ।

तर सिक्काले टेबलटेनिस हल धाउन छाडिनन् । उनलाई बिस्तारै सोही खेलमा रस बस्यो । ‘म झुक्किएर टेबलटेनिस हलमा पुगेकी थिएँ, मलाई त्यतिबेला थाहा थिएन कि यही खेल मेरो करिअर बन्छ भनेर’, नेपालकी पूर्व नम्बर वान् खेलाडी सिक्काले भनिन् ।

उनी अहिले नेपालको वरीयतामा दोस्रो स्थानमा छिन् ।राष्ट्रिय खेलाडी समेत रहिसकेका वासुकला विद्यालयमा पार्टटाइम प्रशिक्षक थिए । सिक्कामा खेलप्रतिको लगाव देखेर उनले नै सिक्कालाई अघि बढ्ने बाटो देखाइदिए । सिक्काले बालकुमारीमै रहेको ललितपुर टेबलटेनिस प्रशिक्षण हलमा पनि प्रशिक्षण गर्न थालिन् । स्कुल बिदा भएको बेला उनी दिनभरि यही प्रशिक्षण हलमै हुन्थिन् दाजु र कान्छा मामाको साथमा बसेर पढ्ने भन्दै काठमाडौं आए पनि उनीहरू दुवै जनाको फिनल्याण्डको भिसा लाग्यो । काठमाडौंमा ८ कक्षा पढ्ने सिक्का एक्लै भइन् । उनले परिवारबाट पाउने ठिक्कको खर्चले धानिने चाउचाउ र चिउरा मात्रै खाएर पनि खेल पढाइलाई सँगै अघि बढाइन् । अन्तर्राष्ट्रिय खुट्किलोबालकुमारीको प्रशिक्षण हलमा उनको खेलमाथि पुरुषोत्तम बज्राचार्यको आँखा पर्‍यो । आफैं खेलाडी रहेका उनले प्रशिक्षण पनि दिन्थे । ९ कक्षा पढ्दै गरेकी सिक्कालाई पुरुषोत्तमले कक्षा १० मा छात्रवृत्ति सहित एभीएम स्कूलमा भर्ना गर्ने आश्वासन दिए ।

एक्लै बसेर काठमाडौंमा संघर्ष गरिरहेकी सिक्कालाई छात्रवृत्तिले पनि ठूलो राहत दिने हुँदा उनी तयार थिइन् र २०७२ सालमा एभीएम स्कूलमा कक्षा १० मा भर्ना भइन् ।त्यहाँ उनले पूर्ण रूपमा टेबलटेनिससमा लाग्ने वातावरण पाइन्, ‘एक्लै बस्ने भएकाले केही फाइदा पनि थियो, म दिनमा तीन पटक प्रशिक्षण गर्थें ।’एभीएममा भर्ना भएपछि स्कुलको गेटमा उनले आमाको हात समातेर वाचा गरेकी थिइन्, ‘ममी म जसरी पनि अब अन्तर्राष्ट्रिय खेलाडी बन्छु ।’उनले त्यो वाचा पूरा गर्न धेरै समय लगाइनन् ।

आफ्नो मिहिनेत स्वरुप सिक्काले सन् २०१७ मा पाकिस्तानमा भएको जुनियर एसियन च्याम्पियनसिप खेलिन् । त्यसपछि उनले पछाडि फर्केर हेर्नु परेको छैन । ‘२०१७ को जुनियर एसियन च्याम्पियनसिप मेरो खेल जीवनको टर्निङ प्वाइन्ट हो । त्यसपछि मैले पछाडि फर्केर हेर्नु परेको छैन ।सन् २०१८ मा अष्ट्रियामा दोस्रो डिभिजन लिगको लागि अफर आएको थियो ।

तर उनले भिसा नपाउँदा खेल्न पाइनन् । ‘मैले भिसाका कारण जान पाइनँ । त्यसमा ५०० डलर मेरो मासिक भत्ता थियो । सबै खाने-बस्ने, प्रशिक्षण उनीहरूले दिएका थिए । गएको भए मेरो जुनियरहरूका लागि बाटो खुल्थ्यो ।

युरोपको भिसाका कारण मैले पाइनँ । ’एसईईपछिको पढाइ अघि बढाउन उनले लिभरपुल कलेजमा छात्रवृत्ति पाइन् । उनले लगातार ३ वर्ष जुनियरका प्रतियोगिता खेलिन् । ‘कक्षा १२ पश्चात् मेरो जुनियर खेल्ने उमेर सकियो । त्यसपछि मैले झन् मिहिनेत गर्न थालें । मैले जसरी पनि सिनियर खेल्नुपर्छ भन्ने थियो ।’उनको यो सपना पूरा हुन पनि धेरै समय लागेन ।

स्वेच्छा नेम्वाङलाई छनोटमा हराएपछि उनले इण्डोनेसियामा भएको एसियन च्याम्पियनसिप २०१९ मा सिनियर टिमबाट डेब्यु गरिन् । लगत्तै उनी १३औं दक्षिण एसियाली खेलकुदमा छनोट भइन् । १३औं सागको उनको यात्रा पनि रोमाञ्चक छ । उनले पहिलो खेल खेल्न पाइनन् ।

पहिलो खेलमा वैकल्पिक खेलाडीका रूपमा रहे पनि उनले दोस्रो खेलमा बंगालदेशविरुद्ध घरेलु दर्शकसामु खेलिन् ।‘मेरा लागि १३औं साग निकै गोल्डेन मोमेन्ट हो’ उनी भन्छिन्, ‘भारत र बंगलादेशमा भएको संस्करणमा महिला टिमले पदक जितेको थिएन । एउटा ईख थियो, जसरी पनि जित्ने । ’उनको टिममा दीक्षा तामाङ, नविता श्रेष्ठ थिए । टिम स्पर्धामा दीक्षाले हारिन् ।

नविताले जितेकी थिइन् । सिक्काले जितेमा नेपालको काँस्य पदक पक्का हुने थियो ।त्यो खेलमा सिक्का २-१ सेटमा अघि थिइन् । तर चौथो सेट बंगलादेशी खेलाडीले जितेपछि खेल मर या गरको स्थितिमा थियो । पाँचौं सेटमा पनि बंगलादेशी खेलाडी १०-६ ले अघि थिइन् । तर सिक्काले खेलमा फर्किदै ११-१३ ले खेल जितिन् । ‘उनले जित्न हतार गरिन्, मैले केही ढिलो गरेर स्मार्ट गेम खेलें ।

’ जितपछि लैनचौरको हलभरिका दर्शक उभिएर ताली बजाएको उनी अझै सम्झिन्छिन् । ‘११-१२ थियो । मैले अन्तिम स्कोर गरेपछि हामीले पदक जित्यौं ।

’त्यो जितपछि नै आफू टेबलटेनिस खेलाडी भनेर चिनिएको उनले महसुस गरेकी छिन् । उनले भनिन्, ‘त्यो खेलबाटै हो सिक्का टेबलटेनिस खेलाडी भनेर चिनिएको !’त्यसपछि कोभिड महामारी आयो । देश लकडाउन हुने भएपछि रातारात गोरखा गएकी उनले प्रशिक्षणलाई लकडाउन गरिनन् ।

‘त्यो बेला सबै जना घरमा बस्थेम माथि-माथि दौडिन जान्थें, रोबोटसँग खेलेर अभ्यासलाई निरन्तरता दिएँ । ’जसको फलस्वरुप उनी वरीयताको शीर्षस्थानमा पुगिन् ।

सन् २०२२ मा कतारको दोहामा भएको र्‍याकिङ प्रतियोगितामा उनले नेपालको पहिलो वरीयताको खेलाडी भएर प्रतिस्पर्धा गरेकी थिइन् । उनले २०२३ मा चीनमा भएको एसियन गेम्स र त्यसअघि एसियन च्याम्पियनसिप पनि खेलिन् । सिक्काको लक्ष्यनेपाल नम्बर वान् भएकै बेलामा

**बाँकी तेस्रो पृष्ठमा**